# बोगटान फुड्सिल गाउँपालिका
**(Bogatan Phudsil Rural Municipality)**
## गाउँ कार्यपालिकाको कार्यालय
**(Office of Rural Municipal Executive)**

आ.व. :- २०८०/०८१
Fiscal Year:- 2080/081
च.नं. :-
Ref. No. ११२

सुदूरपश्चिमप्रदेश, नेपाल
Sudurpashchim Province, Nepal
चवराचौतारा, डोटी
Chawarachautara, Doti


मिति : २०८१/०५/०५

**श्री : जो जस सँग सम्बन्ध राख्दछ ।**

**विषय : प्रमाणीत गरिएको बारे ।**

उपरोक्त विषय सम्बन्धमा यस बोगटान फुड्सिल गाउँपालिका वडा नं. ०१ सिम्चौर भाम्क निवासी श्री शेर बहादुर कुडमाल को नाती श्री जागत सिं कुडमाल को छोरा श्री मान बहादुर कुडमाल ले दिएको निवेदन अनुसार निजले मिति २०७६/०१/२६ गते श्री पहलमान सिंह मेमोरीयल माध्यामीक विघालय घोडाघोडी १० पहलमानपुर कैलाली शिक्षण संस्था बाट १८ महिने भेटेरीनरी जे.टि.ए. उतिर्ण गरि मिति २०७६/०२/१५ गते देखी २०७८/११/२६ गते सम्म यस बोगटान फुडसिल गाउँपालिकामा संचालित मुख्यमन्त्री एकिकृत कृषि तथा पशुपंक्षी विकास कार्यक्रम मा र मिति २०७८/१२/०१ गते देखी यस बोगटान फुडसिल गाउँपालिकामा नियुक्ती भई पशु सेवा तथा पशु स्वास्थ्य क्षेत्रमा नायब पशु सेवा प्राविधिकको रुपमा कार्य गर्दै आउनु भएको व्यहोरा प्रमाणीत गरिन्छ ।

भरत बहादुर चन्द
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत


अध्यक्ष ☎ ९८१८६१११९७, उपाध्यक्ष ☎ ९८४८४०८४७०, प्रमुख प्रशासकीय अधिकृत ☎ ९८४९१३०११६, सूचना अधिकारी ☎ ९८६५७४१८७
ईमेल: icto.bogatanmun@gmail.com/info@bogatanmun.gov.np वेबसाइट : www.bogatanmun.gov.np

बोगटान फुड्सिल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

प. सं. : २०७८/७९
च. नं. : ८२१

चवराचौतारा, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

मिति : २०७८/११/३०

श्री मान बहादुर कुडमाल
बोगटान फुड्सिल गाउँपालिका १, डोटी ।

बिषय : ना.प.से.प्रा पदमा नियुक्त गरिएको बारे ।

उपरोक्त विषय सम्वन्धमा यस गाउँ कार्यपालिकाको मिति २०७८/११/३० गतेको निर्णयानुसार यस गाउँ कार्यपालिकाको कार्यालयबाट पारिश्रमिक बापत मासिक तलब रु. १५,०००/- (अक्षेरुपी : पन्ध्र हजार मात्र) पाउने गरी मिति २०७८/१२/०१ देखि लागु हुने गरी २०७८ असार मसान्त सम्मका लागि सेवा करारमा नियुक्त गरिएको छ । नियुक्ती गरिएको कार्यालयमा नियमानुसार हाजिरी भई कामकाज गर्नुहोला । करार नियुक्ती हुनु भएकोमा हार्दिक बधाई छ ।

भरत बहादुर चन्द
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ** :
श्री आर्थिक प्रशासन शाखा, बोगटान फुड्सिल गाउँपालिका, डोटी ।

अध्यक्ष ☎९८६८५६९६९७, उपाध्यक्ष ☎९८६१५०१५८०, प्रमुख प्रशासकीय अधिकृत ☎९८५८४७७०७६, सूचना अधिकारी ☎९८५६७४६१८७
ईमेल :icto.bogatanmun@gmail.com / info@bogatanmun.gov.np वेबसाइट :www.bogatanmun.gov.np

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,डोटी र मान बहादुर कुडमाल वीच भएको करारनामा

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,डोटी (यसपछि पहिलो पक्ष भनिएको) र सेति अंचल डोटी जिल्ला बोगटान गाउपालीका वडा नं. १ वस्ने श्री शेरबहादुर कुडमाल को नाती श्री जगत सिह कुडमालको छोरा श्री मान बहादुर कुडमाल (यस पछि दोश्रो पक्ष भनिएको) का विच मिति २०७६/०२/१५ मा तल उल्लेखित सेवा सम्बन्धी कार्य गर्नका लागि देहायका सर्तको अधिनमा रहि दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भई यो सम्झौता गरि एक/एक प्रति एक आपसमा वुझि लियौं दियौं ।

शर्तहरु :

१. गर्नुपर्ने कामको विवरण :

*दोश्रो पक्षले देहायमा उल्लेखित कामहरु गर्नु पर्नेछ :*

(क)बोगटान फुडसिल गा.पा.मा संचालित मुख्यमन्त्रि एकिकृत कृषि तथा पशुपंक्षी विकास कार्यकमको सहजिकरण गर्ने ।
(ख)उपचार,खोप,बन्ध्याकरण तथा रोग अन्वेषण कार्यमा सहयोग गर्ने ।
(ग)नमुना संकलन गरि विज्ञ केन्द्र डोटी र पशुपंक्षी रोग अन्वेषण प्रयोगशालामा प्रेषण गर्ने ।
(घ)लाभग्राहिको तथ्याङ्क संकलन गरि रेकर्ड अध्यावधिक गर्ने ।
(ङ)सम्पन्न गरेको कार्यको प्रगति प्रतिवेदन यस केन्द्रमा पेश गर्ने ।
(च)भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,डोटीले लाए अह्राएको जुन सुकै कार्य गर्ने ।

२. **काम गर्नुपर्ने स्थान, समय र अवधि :**

**काम गर्नु पर्ने स्थान :**

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, डोटी तथा बोगटान फुडसिल गा.पा. हुनेछ ।

समय :

सामान्यता काम गर्ने समय कार्तिक १६ देखि माघ १५ सम्म विहान १० वजे देखि बेलुकि ४ वजे सम्म र अन्य महिनाको हकमा विहान १० वजे देखि बेलुकि ५ वजे सम्म हुनेछ । हप्ताको प्रत्येक शुक्रवार विहान १० वजे देखि बेलुकि ३ वजे सम्म हुनेछ । साथै कार्यालयले जुनसुकै वेला बखत पनि कामकाजमा लगाउन सक्नेछ ।

अवधि :

**करार अवधि मिति २०७६/०२/१५ देखि २०७८ साल आषाढ मसान्त सम्म हुनेछ ।**

१. दोश्रो पक्षले सेवा सम्बन्धी प्रचलित कानूनमा व्यवस्था भएका आचरण सम्बन्धि कृयाकलापहरु पालना गर्नुपर्नेछ ।
२. दोश्रो पक्षलाई सार्वजनिक विदा वाहेक अन्य कुनै किसिमको विदा उपलब्ध गराईने छैन ।
३. नियमानुसार पाउनुपर्ने पारिश्रमिक महिना भुक्तान भएपछि मात्र उपलब्ध गराईने छ ।
४. दोश्रो पक्षले करार सेवा गरे वापत को मासिक रुपमा प्राप्त हुने रकम भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,डोटी वाट उपलब्ध गराईनेछ ।
५. दोश्रो पक्ष शारिरीक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन नसक्ने भएमा वा काम सन्तोषजनक नभएमा र आचरण सम्बन्धी कुराहरु पटक पटक उल्लंघन गरेमा सोको सट्टा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,डोटीले अर्को व्यक्ति करारमा लिई काम लगाउन सक्नेछ ।
६. दोश्रो पक्षले कार्यालयको चल अचल सम्पत्ति नोक्सानी वा हिनामिना गरेमा सोको क्षतिपूर्ति रकम यस कार्यालयलाई दिनुपर्नेछ ।
७ दोश्रो पक्षले विना सुचना लगातार ७ दिन भन्दा वढी कार्यालयमा अनुपस्थित रहेमा पहिलो पक्षले दोश्रो पक्ष संगको यो सम्झौता रद्द गरि अर्को व्यक्ति करारमा लिई काम लगाउन सक्नेछ ।
८. दोश्रो पक्षले कार्यालयको गोप्य कुरा वा कागजात अन्य कुनै कसैलाई उपलब्ध गराएको ठहर देखिएमा सेवा वाट हटाईनेछ र सोको क्षतिपूर्ति यस कार्यालयलाई दिनुपर्नेछ ।
९. यो सम्झौतामा उल्लेख गरिएको रकम भन्दा वढि रकम दावि गर्न पाइने छैन ।
१०. आचरण विपरित कार्य गरेमा वा अनुशासनमा नरहेमा प्रथम पक्षले जुनसुकै समयमा पनि सेवा करारवाट हटाउन सक्नेछ ।
११. यो सम्झौता २०७६/०२/१५ गते देखि लागु गरिएको छ ।
१२. सेवा करारमा काम गरे वापत मासिक पाउने रकम :२२,८,५७ (अक्षेरुपी बाईस हजार आठ सय सन्ताउन्न मात्र) खाता मार्फत भुक्तानी पाउने छ ।
१३. अन्य कुराहरुको हकमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

पहिलो पक्षको तर्फवाट हस्ताक्षर गर्ने

खड्क बहादुर शाह
पशु विकास अधिकृत
कार्यालय प्रमुख

दस्तखत :
नाम, थर : खड्ग बहादुर शाह
पद : पशु विकास अधिकृत
कार्यालय : भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,डोटी

दोश्रो पक्षको तर्फवाट हस्ताक्षर गर्ने

दस्तखत :
नाम, थर : मान बहादुर कुडमाल
ठेगाना : बोगटान फुडसिल गा.पा.१ डोटी

साक्षी :

१. अधिकृत श्री हरि सिह भण्डारी भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,डोटी ।
२. लेखापाल श्री रविन्द्र महरा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,डोटी ।
३. ना.प.स्वा.प्रा. (पाचौ तह) अवन राज श्रेष्ठ, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,डोटी ।